विधेयक संख्या:

# आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८३

**प्रदेश सभा सचिवालय**

गण्डकी प्रदेश, पोखरा।

# उद्देश्य र कारण

आर्थिक वर्ष २०८३/८४ मा प्रदेश सरकारको सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने सम्बन्धी अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

यस विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा तथा कार्यहरुको लागि विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

**द्रष्टव्य:** यो अर्थसम्बन्धी विधेयक हो।

(जित बहादुर शेरचन)
आर्थिक मामिला मन्त्री

# आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आर्थिक वर्ष २०८३/८४ मा प्रदेश सरकारको सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "गण्डकी प्रदेश विनियोजन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन सम्वत् २०८३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८३/८४ को लागि प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:** आर्थिक वर्ष२०८३/८४ को लागि अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका लागि सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रू. ३२,८६,७९,३०,०००/- (अक्षेरुपी बत्तीस अर्ब छयासी करोड उनान्असी लाख तीस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिनेछ।

४. **अख्तियारी तथा कार्यक्रम स्वीकृति:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम विनियोजन भएको रकम आर्थिक वर्ष २०८३/८४ को लागि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको लेखा उत्तरदायी अधिकृतले सम्वत् २०८३ साल भदौ मसान्तभित्र विनियोजन भएको रकम खर्च गर्ने निकायलाई हासिल

गर्नुपर्ने प्रतिफल तथा उपलब्धिसहित स्रोतगत बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी स्वीकृतिका लागि आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको समयावधि भित्र बाँडफाँट हुन नसकेमा सोको मनासिव आधार र कारण सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतले बाँडफाँटको लागि आर्थिक मामिला मन्त्रालयमा अनुरोध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम बाँडफाँटको लागि अनुरोध भई आएमा आर्थिक मामिला मन्त्रालयले २०८३ साल असोज मसान्तभित्र बाँडफाँट गरिदिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको थप समयावधि भित्र समेत बाँडफाँट नभएमा आर्थिक मामिला मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

(७) चालु आर्थिक वर्षभित्र नेपाल सरकारबाट कुनै आयोजना तथा कार्यक्रमको लागि संघीय सरकारको मन्त्रालयगत बजेट सूचना प्रणाली मार्फत बजेट प्राप्त भएकोमा सम्बन्धित मन्त्रालयले त्यस्तो बजेट बाँडफाँट र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी स्वीकृतिका लागि आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ।

(९) चालु आर्थिक वर्षभित्र गण्डकी प्रदेश सरकारका नयाँ सङ्गठन संरचना निर्माण भएमा साविककै बजेट उपशीर्षकवाट खर्च गर्ने अख्तियारी प्रदान गर्न सकिनेछ।

(१०) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम बजेट कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ।

५. **<u>रकमान्तर, स्रोतान्तर र कार्यक्रम वा क्रियाकलाप संशोधनः</u>** (१) दफा ३ बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिएको रकममध्ये कुनै अनुदान सङ्केतमा बचत हुने र कुनै अनुदान सङ्केतमा अपुग हुने देखिएमा आर्थिक मामिला मन्त्रालयले बचत हुने अनुदान सङ्केतबाट अपुग हुने अनुदान सङ्केतमा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केतबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्केतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पूँजीगत

खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सकिनेछ।

तर,

(क) पूँजीगत खर्च शीर्षकमा विनियोजित रकम वित्तीय व्यवस्था अन्तर्गत वित्तीय लगानी र आन्तरिक ऋणको साँवा, व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ख) वित्तीय व्यवस्थातर्फ विनियोजित रकम आन्तरिक ऋणको साँवा र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत आन्तरिक ऋणको साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(ग) कुनै बहुवर्षीय वा स्रोत सुनिश्चित गरिएका आयोजनामा विनियोजन भएको रकम अन्य बहुवर्षीय वा स्रोत सुनिश्चित गरिएका आयोजनामा र समपूरक अनुदान तर्फको आयोजनामा विनियोजन भएको रकम अन्य समपूरक अनुदान तर्फको आयोजनामा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(घ) स्थानीय तहका लागि अनुदान सङ्केत ८०१ मा विनियोजन भएको अनुदान रकम अन्य अनुदान सङ्केतमा रकमान्तर गर्न सकिने छैन।

(ङ) पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म र सुरु विनियोजन नभएको खर्च शीर्षक तथा क्रियाकलापमा रकमान्तर गर्न सकिने छैन।

तर, आर्थिक मामिला मन्त्रालयले दफा ६ बमोजिम आयोजना तथा कार्यक्रममा भएको सामान्य त्रुटी वा प्रणालीगत त्रुटी सच्याउँदा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा नयाँ क्रियाकलाप कोड सृजना भएमा त्यस्तो क्रियाकलापलाई नयाँ खर्च शीर्षक तथा क्रियाकलाप मानिने छैन।

(३) एउटै अनुदान सङ्केत भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा आर्थिक मामिला मन्त्रालयले सम्बन्धित आयोजना तथा कार्यक्रममा शुरु विनियोजित रकमको शत प्रतिशतभन्दा बढी नहुने गरी रकमान्तर गर्न सक्नेछ।

तर, प्रदेश सरकारले प्रतिबद्धता जनाएका आयोजना तथा कार्यक्रम, स्रोत सुनिश्चित भएका आयोजना तथा कार्यक्रम, विपद्, महामारी नियन्त्रण र अनिवार्य दायित्वको भुक्तानीको लागि आवश्यकतानुसार रकमान्तर गर्न सक्नेछ।

(४) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको आफ्नो मन्त्रालय वा निकायको अनुदान सङ्केत अन्तर्गतको कुनै बजेट उपशीर्षकमा चालु खर्चतर्फ रकम नपुग भएमा सो अनुदान सङ्केत अन्तर्गत रकम बचत भएको अन्य चालु बजेट उपशीर्षकबाट प्रदेश सरकारको स्रोततर्फ चालु बजेटबाट चालु तर्फका खर्च शीर्षकमा सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले शुरू विनियोजित रकमको पच्चीस प्रतिशतसम्म रकमान्तर गर्न सक्नेछ।

तर तलव, पारिश्रमिक, भत्ता, पोशाक, खाद्यन्न, पानी, बिजुली, सञ्चार महशुल र घरभाडा जस्ता अनिवार्य दायित्व तथा पूँजीगत खर्चको लागि विनियोजित रकम चालु खर्च शीर्षकमा रकमान्तर गर्न पाइनेछैन।

(५) उपदफा (४) बमोजिमको रकमान्तर सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी आर्थिक मामिला मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ र सोको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(६) वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट गण्डकी प्रदेश सरकारलाई प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रममा रकमान्तर तथा कार्यक्रम संशोधन सम्बन्धी व्यवस्था संघीय सरकारको विनियोजन ऐन बमोजिम हुनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्केत ५०१ देखि ६०२ मा विनियोजन भएको रकम जुन अनुदान सङ्केतमा निकासा र खर्च हुने हो सोही अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक मामिला मन्त्रालयले एउटै अनुदान सङ्केत भित्रको पूँजीगत रकमको रकमान्तर गर्ने अधिकार प्रदेश सरकारका कुनै निकायको लेखा उत्तरदायी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

६. **आयोजना तथा कार्यक्रममा भएको सामान्य त्रुटी संशोधनः** (१) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको अनुरोधमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना तथा कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी संशोधनको लागि स्थानीय तहको सिफारिस वा सोही निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्यको सिफारिस सहित विषयगत मन्त्रालयबाट पौष मसान्तभित्र लेखी आएमा आर्थिक मामिला

मन्त्रालयले त्यस्तो आयोजना तथा कार्यक्रमको नाम र ठेगानामा भएको सामान्य त्रुटी माघ मसान्तभित्र संशोधन गर्न सक्नेछ।

तर, स्थानीय तहबाट गरिएको सिफारिस र प्रदेश सभा सदस्यबाट गरिएको सिफारिस फरक फरक भएमा प्रदेश सभा सदस्यबाट गरिएको सिफारिसलाई आधार मानिनेछ। एउटै आयोजना तथा कार्यक्रममा एक पटक भन्दा बढी त्रुटी संशोधन गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा वार्षिक लक्ष्य नघट्ने गरी सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ।

तर, एघारौ तह वा सो सरहको कर्मचारी प्रमुख भएको निकायमा निजले त्रैमासिक विभाजनलाई संशोधन गर्न बाधा पुगेको मानिने छैन।

(३) उपदफा (१) वा (२) बमोजिम संशोधन गर्नुपर्दा सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी आर्थिक मामिला मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ र सोको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टी गर्दा भएको प्रणालिगत त्रुटी आर्थिक मामिला मन्त्रालयले जुनसुकै बखत सच्याउन सक्नेछ।

७. **<u>अन्तर-सरकारी वित्तीय हस्तान्तरणः</u>** (१) अनुदान सङ्केत ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणको सारांश अनुसूची-३ बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको रकम मध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा भाद्र २५ गते भित्र, कार्तिक २५ गते भित्र, माघ २५ गते भित्र र बैशाख २५ गते भित्र गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(४) उपदफा (३) बमोजिमको वित्तीय समानीकरण अनुदानको पहिलो र दोस्रो किस्ता सुरु अनुमान बमोजिम, तेस्रो किस्ता राजस्व बाँडफाँडबाट प्राप्त रकम, संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तथा पुस मसान्त सम्मको आन्तरिक राजस्व सङ्कलन र लक्ष्यको अनुपातको आधारमा र चौथो किस्ता राजस्व बाँडफाँडबाट प्राप्त रकम, संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तथा चैत मसान्त सम्मको आन्तरिक राजस्व सङ्कलन र लक्ष्यको अनुपातको आधारमा पुनः निर्धारण गरी हस्तान्तरण गरिनेछ।

(५) उपदफा (३) र (४) बमोजिम हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले आर्थिक वर्षको कार्तिक १५ गतेभित्र, माघ १५ गतेभित्र, बैशाख १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र हस्तान्तरण भएको रकमको खर्च विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदानको बाँकी रकम स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिने छैन।

(७) उपदफा (१) बमोजिमको अनुदान रकम मध्ये सशर्त अनुदान रकमको एक तिहाइले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा भदौ २५ गते भित्र हस्तान्तरण गर्नेछ।

(८) स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमका लागि हस्तान्तरण भएको हो सोही आयोजना वा कार्यक्रममा खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयन प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्वन्धित गाउँसभा वा नगरसभाले पारित गरेको राजस्व र व्ययको अनुमानमा समावेश गरी साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको कार्य योजनाको भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण स्थानीय तहले सम्वत् २०८३ साल मंसिर १५ गते भित्र, चैत १५ गते भित्र र सम्वत् २०८४ सालको असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण सम्वत् २०८४ सालको साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिमको खर्च विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले उपदफा (७) बमोजिम हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्नाको रुपमा सम्वत् २०८३ साल मंसिर २५ गतेभित्र, चैत २५ गतेभित्र र सम्वत् २०८४ सालको असार २० गतेभित्र हस्तान्तरण गर्नुपर्नेछ।

(११) उपदफा (१) बमोजिमको अनुदान रकम मध्ये विशेष अनुदान र समपुरक अनुदान रकमको पचास प्रतिशत रकम भदौ मसान्त भित्र स्थानीय तहको सञ्चित कोषमा र बाँकी पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहबाट आयोजनाको लागत अनुमान, आयोजना तथा कार्यक्रम सम्झौता, अन्तिम मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन वा कार्यप्रगति प्रतिवेदन सहित निकासा माग प्राप्त भएपछि प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट हस्तान्तरण गरिनेछ।

(१२) नेपाल सरकारबाट गण्डकी प्रदेश सरकारलाई प्राप्त सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघीय सञ्चित कोषमा फिर्ता दाखिल गरिनेछ।

(१३) गण्डकी प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँट बाहेक अन्य सवै किसिमको अनुदानवाट हस्तान्तरण भएको रकम सो आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यसरी बचत भएको रकम सम्बन्धित स्थानीय तहले सोही आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ।

(१४) उपदफा (१३) बमोजिम आर्थिक वर्षभित्र खर्च नभई बचत भएको अनुदान रकम फिर्ता दाखिला नभएमा त्यसरी फिर्ता दाखिला हुनुपर्ने रकम आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने जुनसुकै अनुदान रकमबाट कट्टा गरी समायोजन गर्न सकिनेछ।

८. **<u>आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी बजेट विनियोजन भएको कुनै आयोजना तथा कार्यक्रम नेपाल सरकारको कुनै निकाय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र अर्थ मन्त्रालय वा स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको सहमति लिई माघ मसान्तभित्र आर्थिक मामिला मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सहमति लिई प्रदेश सरकारको सम्बन्धित विषयगत मन्त्रालयबाट नेपाल सरकारको कुनै निकाय वा स्थानीय तह मार्फत आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि लेखी आएमा आर्थिक मामिला मन्त्रालयले त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्न अख्तियारी दिने गरी फागुन मसान्तभित्र सहमति प्रदान गर्न सक्नेछ।

तर, प्रदेश सरकार र स्थानीय तहसँगको साझेदारीमा सञ्चालन गर्ने कार्यक्रम र जिल्ला समन्वय समितिका लागि बाहेक नेपाल सरकारका निकाय तथा स्थानीय तहलाई चालुतर्फ कुनै रकम उपलब्ध गराइने छैन।

(३) उपदफा (२) बमोजिम सहमति प्रदान गरिएको जानकारी महालेखा परीक्षकको कार्यालय, नेपाल सरकारको विषयगत मन्त्रालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र स्थानीय तह मार्फत कार्यन्वयन गरिने आयोजना तथा कार्यक्रमको हकमा सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय भएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी नेपाल सरकार, जिल्ला समन्वय समिति वा स्थानीय तहको कार्यालयलाई प्रदेश सरकारको एकल खाता कोष प्रणालीमा प्रदेश सरकारको निकायको रुपमा कार्यालय कोड दिई प्रचलित कानून बमोजिम रकम निकासा दिनु पर्नेछ।

(५) नेपाल सरकार वा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पूँजीगत तर्फको कुनै आयोजना तथा कार्यक्रम गण्डकी प्रदेश सरकार मातहतको कुनै कार्यालय मार्फत कार्यान्वयन गर्न गण्डकी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र आर्थिक मामिला मन्त्रालयबाट सहमति लिई नेपाल सरकार वा स्थानीय तहबाट अनुरोध भई आएमा त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गर्न सकिनेछ।

(६) उपदफा (५) बमोजिम आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय भएकोमा नेपाल सरकारको आयोजना तथा कार्यक्रमको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी मन्त्रालयगत बजेट सुचना प्रणालीमा गण्डकी प्रदेश सरकारको सम्बन्धित कार्यालयलाई संघीय निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनु पर्नेछ। स्थानीय तहको आयोजना तथा कार्यक्रमको हकमा सम्बन्धित स्थानीय तहले प्रादेशिक निकायको नाममा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी

निकासा दिनु पर्नेछ। त्यसरी प्राप्त रकम मध्ये आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेको रकम स्थानीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

(७) गण्डकी प्रदेश सरकारको कुनै विषयगत मन्त्रालय वा निकायको स्वीकृत वार्षिक कार्यक्रम अर्को मन्त्रालय वा निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय वा निकायको पूर्व सहमति लिई माघ मसान्तभित्र आर्थिक मामिला मन्त्रालयमा लेखी आएमा आर्थिक मामिला मन्त्रालयले खर्च गर्ने अख्तियारीको लागि फागुन मसान्तभित्र सहमति प्रदान गर्न सक्नेछ।

(८) यस ऐन बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रम बाहेक अन्य आयोजना तथा कार्यक्रम तत्काल कार्यान्वयन गर्नुपर्ने अवस्था भएमा गण्डकी प्रदेश सरकारले यस ऐनद्वारा विनियोजित बजेटको परिधिभित्र रही त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि स्वीकृति दिन सक्नेछ।

(९) उपदफा (८) बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न बजेट व्यवस्थापनको लागि आर्थिक मामिला मन्त्रालयमा लेखी आएमा विनियोजित बजेटको परिधि भित्र रही त्यस्तो आयोजना तथा कार्यक्रमको लागि आर्थिक मामिला मन्त्रालयले बजेट व्यवस्थापन गर्नेछ।

(१०) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद् व्यवस्थापन सम्वद्ध आयोजना तथा कार्यक्रम बाहेक बैशाख मसान्तभन्दा पछाडि अन्य कुनै पनि आयोजना तथा कार्यक्रम थप गर्न सकिने छैन।

(११) गण्डकी प्रदेश सरकारको अनुदानमा संरचना निर्माण गर्दा सम्बन्धित संस्थाको नाममा जग्गाको स्वामित्व वा भोगाधिकार प्राप्त भएको हुनुपर्नेछ।

तर पुराना पाटी, पौवा, चौतारो, देवल, मठ, मन्दिर, कोट, गुम्वा, गढी, मस्जिद, चर्च, घाट तथा सार्वजनिक भवनको पूनःनिर्माण गर्न तथा सोको संरक्षण एवम् संरचना निर्माण गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिनेछैन।

९. **<u>निकासा रोक्का राख्न वा समर्पण गराउन सक्नेः</u>** (१) प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई समेत विचार गरी आर्थिक मामिला मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रूपमा रोक्का वा नियन्त्रण गर्न तथा समर्पण गराउन सक्नेछ।

(२) आर्थिक वर्ष २०८३/८४ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले प्रचलित कानून बमोजिम बजेट तथा कार्यक्रम प्रस्ताव गरेको

नदेखिएमा आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयनको क्रममा आर्थिक मामिला मन्त्रालयले त्यस्तो आयोजना तथा कार्यक्रमको बजेट निकासा रोक्का राख्न वा समर्पण गराउन सक्नेछ।

(३) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ८ को उपदफा (२) र (३) को अधिनमा रही प्रस्ताव गरेको प्रारम्भिक बजेटको सम्बन्धमा सम्बन्धित मन्त्रालय वा निकायले थप विपरण वा पुष्टयाँई उपलब्ध गराउन सक्ने गरी सुरक्षित र अद्यावधिक राख्नु पर्नेछ।

१०. **लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण:** (१) यस ऐन बमोजिम संघ, प्रदेश वा स्थानीय तह मध्ये कुनै एक तह वा निकायको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना तथा कार्यक्रम अर्को तह वा निकायबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तह वा निकायको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने तह वा निकायले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

११. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:** (१) यस ऐन बमोजिम विनियोजित रकम भन्दा बढी रकमको आयोजना तथा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद कारबाही प्रारम्भ गर्ने कर्मचारीलाई प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५४ बमोजिमको अधिकारीले कारबाही गर्न सक्नेछ।

(२) स्वीकृत कार्यक्रम भित्रको आयोजना कार्यान्वयनको लागि विनियोजन भएको रकमबाट वार्षिक लक्ष्य हासिल हुने गरी खरिद सम्झौता भई बचत भएको रकमबाट थप खरिद कार्य गर्न पाइने छैन।

तर, आर्थिक मामिला मन्त्रालयले वा दफा ५ को उपदफा (८) बमोजिमको लेखा उत्तरदायी अधिकृतले दफा ५ बमोजिम रकमान्तर गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(३) स्थानीय तहले सङ्कलन गरेको राजस्व तथा यस ऐन र प्रचलित कानून बमोजिम प्राप्त गरेको राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण वापतको रकम कानून बनाई खर्च गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कानून बनाउँदा देहायका विषय पालन गर्नु पर्नेछः-

(क) गण्डकी प्रदेश सरकारको आर्थिक र वित्तीय नीतिको अनुसरण गर्ने,

(ख) जुन प्रयोजनका लागि अनुदान रकम प्राप्त भएको हो सोही प्रयोजनमा मात्र त्यस्तो अनुदान रकम खर्च गर्ने,

(ग) पूँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(घ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरादायित्व ऐन, २०७८ तथा अन्य प्रचलित प्रदेश कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्ने।

(५) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा आर्थिक मामिला मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ।

१२. **सहमति लिनुपर्नेः** (१) गण्डकी प्रदेश सरकारका निकायहरुले सवारी साधन खरिद, कार्यालय सञ्चालनका लागि घर भाडा, अतिरिक्त समयको खाना तथा खाजा भत्ता, पाँच लाखभन्दा बढी लागत अनुमान भएका सफ्टवेयर खरिद तथा निर्माण, कानूनमा व्यवस्था भए बाहेकका अन्य भत्ता तथा थप आर्थिक दायित्व सृजना हुने विषयमा निर्णयगर्दा आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति नलिई थप आर्थिक दायित्व सृजना हुने गरी कुनै निर्णय गरिएमा त्यस्तो थप आर्थिक दायित्वको लागि स्रोत व्यवस्थापन गर्न आर्थिक मामिला मन्त्रालय बाध्य हुने छैन।

१३. **विविधः** (१) यो ऐन प्रारम्भ भएपछि नेपाल सरकारबाट स्रोतको रुपमा प्रस्तावित वित्तीय हस्तान्तरणको रकम थपघट हुने गरी प्राप्त भएमा आर्थिक मामिला मन्त्रालयले त्यसरी थपघट भएको रकमको लेखा राखी घटेर रकम प्राप्त भएमा विषयगत मन्त्रालय तथा निकायलाई आवश्यक निर्देशन र बढेर रकम प्राप्त भएमा सम्बन्धित मन्त्रालय वा निकायलाई खर्च गर्ने अख्तियारी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम चालु आर्थिक वर्षमा प्राप्त भएको रकमको समायोजित विवरण आगामी आर्थिक वर्षको आय र व्ययको विवरणसाथ प्रदेश सभामा पेश गर्नु पर्नेछ।

१४. **कानून विपरित विनियोजन भएको नमानिनेः** यस ऐन बमोजिम कुनै सेवा र कार्यको लागि बजेट विनियोजन गर्दा प्रचलित कानून बमोजिम पुरा हुनुपर्ने कुनै प्रक्रिया पूरा भएको रहनेछ भने त्यस्तो प्रक्रिया पुरा नभएको आधारमा मात्र त्यसरी विनियोजित रकम कानून विपरीत विनियोजन भएको मानिने छैन।

**१५. <u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने:</u>** यस ऐनको कार्यान्वयन गर्न गण्डकी प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेछ।

**१६. <u>आवश्यक व्यवस्था गर्न सक्ने:</u>** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा गण्डकी प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

**अनुसूची -१**

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

**प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क. स.** | **प्रदेश अनुदान सङ्केत** | **शीर्षकको नाम** | **आर्थिक वर्ष २०८३/८४ मा व्ययभार हुने रकम** | | |
| | | | **चालु** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | ७२८९ | ० | ७२८९ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ९६८१ | ० | ९६८१ |
| ३ | ५०२ | अर्थ-आन्तरिक ऋण भुक्तानी | ५००० | ० | ५००० |
| ४ | ६०२ | अर्थ- विविध | ११०००० | ० | ११०००० |
| **जम्मा** | | | **१३१९७०** | ० | **१३१९७०** |

## अनुसूची -२

(दफा २, ३, ५ (१) र ९(२) सँग सम्बन्धित)

**प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम**

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान सङ्केत | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | १७१०१२ | ३१०३५ | | २०२०४७ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ९६८४६ | ४३५०० | | १४०३४६ |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २३७५८ | २००० | | २५७५८ |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६९९५५५ | १८९४८४ | | ८८९०३९ |
| ५ | ३०५ | आर्थिक मामिला मन्त्रालय | १९५९९७ | ३१९०० | | २२७८९७ |
| ६ | ३०७ | उद्योग तथा पर्यटन मन्त्रालय | २८१४३६ | ६४३५१८ | | ९२४९५४ |
| ७ | ३१२ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | १९०९८६४ | ९८७०१ | | २००८५६५ |
| ८ | ३२९ | वन तथा वातावरण मन्त्रालय | ७७९४३८ | ४३८५५० | | १२१७९८८ |
| ९ | ३३७ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | ५६५८३१ | ११४०३८९७ | | ११९६९७२८ |
| १० | ३४० | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ३५६७७१ | ४४१८४४१ | | ४७७५२१२ |
| ११ | ३५० | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | १२३१२४८ | ९३६७९० | | २१६८०३८ |
| १२ | ३७० | स्वास्थ्य मन्त्रालय | २४४६०२३ | ५६६४६१ | | ३०१२४८४ |
| १३ | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ७१५३८ | ३२५०० | | १०४०३८ |
| १४ | ५०१ | अर्थ- वित्तीय व्यवस्था | ० | ० | २५०००० | २५०००० |
| १५ | ६०१ | कर्मचारी सुविधा तथा सेवा निवृत सुविधा | १४३५२८ | ० | | १४३५२८ |
| १६ | ६०२ | अर्थ-विविध | १३२१७७६ | ११८९३४५ | | २५११२१ |
| १७ | ८०१ | स्थानीय तह | १९९७१८७ | ० | | १९९७१८७ |
| जम्मा | | | १२२९१८०८ | २००२६१२२ | २५०००० | ३२८६७९३० |

# अनुसूची-३

## दफा ७ को उपदफा (२) सँग सम्बन्धित

## स्थानीय तहमा वित्तीय हस्तान्तरणको सारांश

## आर्थिक वर्ष २०८३/८४

(रू. हजारमा)

| विवरण | समानीकरण अनुदान | | | | सशर्त अनुदान | | | विशेष अनुदान | | | समपूरक | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | न्यूनतम अनुदान | सुत्रमा आधारित अनुदान | कार्यसम्पादनमा आधारित अनुदान | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | अनुदान (पूँजीगत) | चालु | पूँजीगत | जम्मा |
| **स्थानीय तह** | **१४८४५५** | **९६५१४५** | ४६४०० | **११६००००** | ० | ० | ० | **७१८७५** | **२६५६०३** | **३३७४७८** | ४९९७०९ | **१२३१८७५** | **७६५३१२** | **१९९७१८७** |
| महानगरपालिका | ३७५० | ७७२७८ | ५०८ | ८१५३६ | ० | ० | ० | ४००० | ० | ४००० | ६००० | ८५५३६ | ६००० | ९१५३६ |
| नगरपालिका | ४५२१० | ३९९६४० | १४२७८ | ४५९१२८ | ० | ० | ० | २३९९५ | ७९७२३ | १०३७१८ | १४८०७८ | ४८३१२३ | २२७८०१ | ७१०९२४ |
| गाउँपालिका | ९९४९५ | ४८८२२७ | ३१६१४ | ६१९३३६ | ० | ० | ० | ४३८८० | १८५८८० | २२९७६० | ३४५६३१ | ६६३२१६ | ५३१५११ | ११९४७२७ |